# बगनासकाली गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
चिर्तुङ्गधारा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

## १५ औं गाउँसभामा प्रस्तुत
# सम्पूर्ण समितिहरुको प्रतिवेदन

## आर्थिक वर्ष २०८०/०८१ को (श्रावण १ देखि पौष २० सम्म)

Email: baganaskali.rural@gmail.com,
Website: https://baganaskalimun.gov.np/

**२३ पौष, २०८०**

# विधेयक समितिको प्रतिवेदन

गाउँसभाका अध्यक्ष महोदय तथा सभासदस्य ज्यूहरु,

यस बगनासकाली गाउँसभाको गरिमामय बैठकमा विधेयक समितिको तर्फबाट संयोजकको हैसियतले चालु आ.व. २०८०/८१ को यस पन्धौं सभाको मिति २०८०/०९/२३ गतेको बैठकमा अर्धवार्षिक कार्य प्रगति पेश गर्न चाहन्छु ।

## समिक्षा

चालु आ.व.को चौधौं गाउँसभा पछि ४ वटा बैठकहरु भएको छ। समितिको बैठकमा छलफल गरि पन्ध्रौं गाउँसभा सम्म १६ वटा कार्यविधिहरु तथा ६ वटा ऐनहरु स्विकृत भइसकेका छन्।

## चालु आ.व मा गरिएका गतिविधिहरु

चौधौं गाउँसभा पछि देहाय अनुसार कार्यविधिहरु स्विकृत भएको व्यवहोरा सभाको यस बैठकमा जानकारी गराउन चाहन्छु।

१. बगनासकाली गाउँपालिकाको कृषि विकास कार्यक्रम सन्चालन कार्यविधि, २०८०
२. बगनासकाली गाउँपालिकाको साना व्यवसायिक पशुपंक्षी फार्म प्रवर्द्धन कार्यक्रम संचालन, २०८०

सभाका अध्यक्ष ज्यू, यसै गरि देहाय अनुसारका विधेयकहरु यस समितिमा छलफल भई कार्यपालिकामा पेश भएको जानकारी गराउन चाहन्छु।

१. बगनासकाली गाउँपालिकाको वन विधयेक, २०८०

२. बगनासकाली गाउँपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक, २०८०

## आगामी कार्यदिशा

सभाध्यक्ष महोदय, यस बगनासकाली गाउँपालिकाको समृद्धि र विकासका लागि आवश्यक पर्ने ऐन, नियमावली तथा कार्यविधिहरु बनाउँदा सरोकारवालासँग पर्याप्त छलफल गरी आवश्यक कानून बनाउने छौं। बगनासकाली गाउँपालिकाको कानून निर्माण तथा परिमार्जनमा समिति सदैव सक्रिय रहने छ।गाउँपालिकाबाट हुने कार्यहरुलाई प्रभावकारी तथा जनमैत्री बनाउन समितिले गाउँपालिकालाई आवश्यक सहयोग गर्ने व्यवहोरा अनुरोध गर्दछु।

अन्तमा, यस गरिमामय सभाले विधेयक समितिका लागि थप मार्गदर्शन गर्नेछ । धन्यवाद।।

उमकला अर्याल
संयोजक

# न्यायिक समिति प्रतिवेदन

सभा अध्यक्षज्यू,

अध्यक्षज्यूको अनुमतीमा बगनासकाली गाउँपालिकाको न्यायिक समितिको आ.व.२०८०।०८१ को मंसिर मसान्तसम्मको प्रतिवेदन यस सम्मानित सभा समक्ष पेश गर्दछु ।

प्रस्तुत विषयमा नेपालको सविधान, २०७२ को धारा २१७ बमोजिम गठन भएको न्यायिक समितिलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा १ र २ मा विवाद निरुपण गर्ने अधिकार रहेको छ।

१.गत आ.व.२०७९।०८० मा बगनासकाली गाउँपालिकाको न्यायिक समितिमा परेको ८ प्रकृतिका ११ वटा उजुरी मध्ये १० वटा गत आर्थिक वर्षमै फछ्यौट भएको र बाँकी १ वटा विवाद समाधान हुन नसकेको ।

२. चालु आ.व.२०८०।०८१ को मंसिर मसान्तसम्म न्यायिक समितिलमा तपसिलमा उल्लेखित ९ प्रकृतिका १२ वटा उजुरीहरु दर्ता भई सो उपर सम्बद्ध पक्षहरुसँग छलफल गर्दा गराउँदाको अवस्था देहाय अनुसार रहेको छ ।

| क्र.स. | मुद्धाको प्रकृति | आ.व.२०८०।०८१ मंसिरसम्म | फछ्यौट मुद्धा | फछ्यौट हुन बाँकी मुद्धा |
|---|---|---|---|---|
| १. | आलीधुर,बाध पैनी ,कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग दफा४७ उपदफा १(क) सम्बन्धी | १ | | १ |
| २. | नाबालक छोरा छोरी वा पति पत्नीलाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दीक्षा नदिएको दफा४७ उपदफा १(छ) सम्बन्धी | २ | १ | १ |
| ३. | गाली बेइज्जती दफा४७ उपदफा २ (ङ) | १ | | १ |
| ४. | अर्काको हक भोगमा रहेको जग्गा आबाद वा भोग चलन गरेको दफा४७ उपदफा २(झ) सम्बन्धी | ३ | १ | २ |
| ५. | पशुपन्छी छाडा छाडेको वा पशुपन्छी राख्दा वा पाल्दा लापरवाही गरि अरुलाई असर पारेको दफा ४७ को उपदफा २(छ) सम्बन्धी | १ | | १ |
| ६. | सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्कोले चापी, मिचि वा घुसाई खाएको दफा ४७ को उपदफा २(क) सम्बन्धी | १ | | १ |
| ७ | लेनदेन सम्बन्धी | १ | | १ |
| ८ | जेष्ठ नागरिकको पालनपोषण तथा हेरचार नगरेको दफा ४७ को उपदफा १(च) सम्बन्धी | १ | १ | |
| ९ | अन्य व्यक्तिको घर  जग्गा वा सम्पत्तिलाई  असर पर्ने गरि रुख विरुवा लगाएको दफा४७ उपदफा १(झ) सम्बन्धी | १ | | १ |
| | जम्मा | १२ | ३ | ९ |

<u>मुख्य कार्य :</u>

१.बगनासकाली गाउँपालिकाको न्यायिक समितिमा तालिम प्राप्त मेलमिलाकर्तालाई मेलमिलापकर्ताको रुपमा सूचिकृत गरिएको ।

२.न्यायिक समितिमा परेको उजुरीहरुको वडास्तरवाटै मिलापत्र गराउन सम्बन्धित वडास्तरीय मेलमिलापकर्तालाई जिम्मेवारी प्रदान गरिएको ।

३. न्यायिक समितिमा परेको खानेपानी, सरसफाई तथा प्रदुषण जस्ता संवेदनशिल प्रकतिका विवादको निरुपण गराउन वस्ती स्तरमा नै समितिको तर्फवाट स्थलगत अनुगमन गरिएको ।

४. फछ्र्यौट हुन बाँकी रहेका विवादहरु छलफल तथा मेलमिलापको प्रकृयामा रहेको ।

न्यायिक समितिलाई परेका केही समस्याहरु यस प्रतिवेदन मार्फत सभाको ध्यानाकर्षण गर्न चाहन्छु ।

१.प्रत्येक वडामा मेलमिलाप केन्द्र व्यवस्थापन तथा मेलमिलापकर्ताको सक्रिय बढाउनुपर्ने ।

२.उजुरीकर्ताको गुनासो/निवेदन यथासिघ्र छिटो सुनुवाई गरिनुपर्ने

३.सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलापका उपाय अपनाउनुपर्ने

४.न्यायलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउनुपर्ने ।

५.मेलमिलापकर्तालाई सेवासुविधा उपलब्ध गराउनुपर्ने ।

६.न्यायिक समिति प्रति नागरिकको जनविश्वास बढाउन सभाका सदस्यले प्रभावकारी भुमिका खेल्नुपर्ने

७.न्यायिक समितिको कार्य सम्पादनका तथा न्यायिक निरुपण कार्य गर्न बन्द इजलास अभाव भएको ।

बाँकी विषयहरु यसै प्रतिवेदनमा उल्लेख गरिएको व्यहोरा यस सम्मानित सभामा जानकारी गराउँछु ,धन्यवाद

न्यायिक समिति पदाधिकारी :
संयोजक : श्री हरि प्रसाद पाठक
सदस्य : श्री उमकला अर्याल
सदस्य : श्री प्रकाश न्यौपाने
सदस्य सचिव : श्री विराट गैरे

प्रस्तुतकर्ता
श्री हरि प्रसाद पाठक
संयोजक न्यायिक समिति
मिति :२०८०।०९।२३

# लेखा समितिको प्रतिवेदन

गाउँ सभाका अध्यक्ष महोदय तथा सभा सदस्यज्यूहरु,

यस बगनासकाली १५ औं गाउँसभाको गरिमामय वैठकमा लेखा समितिको तर्फवाट संयोजकको हैसियतले चालु आ.ब. २०८०।०८१ को अर्धवार्षिक कार्यप्रगति  पेश गर्न चाहन्छु ।

**लेखा समितिको कार्यक्षेत्र :**

१) सार्वजनिक लेखा

२) महालेखापरीक्षकको कार्यालयको लेखापरीक्षण प्रतिवेदन

**गतवर्षको समीक्षा :**

गत आ.ब.मा समितिको बैठक ७ पटक बसेको थियो । बैठकमा बगनासकाली गाउँपालिकाको विगत देखिका लेखापरीक्षण प्रतिवेदन र फछ्र्यौटका लागि गरेका प्रयासहरु, गाउँपालिकाले दिने आर्थिक सहायता, कामको गुणस्तर तथा  नियमित गर्ने बेरुजु सम्बन्धमा छलफल भएको थियो । गत आ.ब. को १३ औं गाउँसभामा आ.ब.०७७।७८ को लेखापरीक्षण प्रतिवेदनमा औंल्याए अनुसारको रु.१ करोड ९३ लाख ४४ हजार ५ सय त्रिचालिस रुपैयाको र १४ औं गाउँसभामा आ.ब.०७८।७९ को लेखापरीक्षण प्रतिवेदनमा औंल्याएका मध्ये रु. ३ करोड १ लाख ३ हजार ७ सय ४८ को बेरुजु नियमित गर्न प्रस्ताव गरिएको थियो ।

**चालु आ.ब.मा गरिएका कार्यहरु :**

चालु आ.ब.मा समितिको बैठक हालसम्म १ पटक बसेको छ । त्यस बैठकमा बगनासकाली गाउँपालिकामा रहेका विगत देखीका लेखापरीक्षण प्रतिवेदन र बेरुजुको अवस्था तथा फछ्र्यौटका लागि गरेका प्रयासहरु सम्बन्धमा छलफल भएको थियो । आ.ब.०७९।८० को लेखापरीक्षण प्रतिवेदनमा औंल्याए गत वर्ष सम्मका रु.६ करोड ८५ लाख ५६ हजार भएकोमा गत आ.ब. २०७९।०८० को प्रारम्भिक प्रतिवेदन अनुसार १ करोड ११ लाख २१ हजार थप भई जम्मा बेरुजु रु. ७ करोड ९६ लाख ७७ हजार भएको देखिन्छ । उल्लेखित बेरुजु मध्ये सम्परीक्षणवाट केही कम हुन सक्ने देखिन्छ ।

**आगामी कार्यदिशा :**

सभाध्यक्ष महोदय, गाउँपालिकाको आर्थिक कारोवारलाई व्यवस्थित तथा पारदर्शी बनाउने र खर्चलाई मितव्ययी गर्ने तर्फ हाम्रो पहल सदैव रहने छ । लेखा समिति गठन भएदेखिनै बगनासकाली गाउँपालिकाको बेरुजु फछ्र्यौट कार्यवाट काम शुरु गरिएकोमा सार्वजनिक खरिद, आर्थिक सहायता, अनुदान तथा सेवा प्रवाह लगायतका क्षेत्रमा कार्य प्रवेश गरि समितिले आफ्नो सक्रियता बढाउदै लग्ने छ । गाउँपालिकावाट हुने कार्यहरुलाई प्रभावकारी तथा जनमैत्री वनाउन समितिले गाउँपालिकालाई आवश्यक सहयोग गर्ने व्यहोरा अनुरोध गर्दछु ।

अन्तमा, यस गरिमामय सभाले लेखा समितिको लागि थप मार्गदर्शन गर्नेछ भन्ने पूर्ण विश्वास लिएको छौं ।

धन्यवाद  ।

कृष्ण प्रसाद बस्याल
संयोजक लेखा समिति

# आर्थिक विकास समिति प्रतिवेदन

यस सभाका सभा अध्यक्ष ज्यू,

अध्यक्षज्यूको अनुमतिले आर्थिक विकास समिति बगनासकाली गाउँपालिकाको कार्यक्षेत्र तथा कार्य प्रगति विवरण प्रस्तुत गर्दछु ।

**समितिको कार्य क्षेत्र :**

- कृषि विकास,
- पशुपन्छी विकास
- सिंचाइ
- पर्यटन प्रर्वद्धन
- सहकारी तथा गरिवी निवारण एवम् वित्तीय क्षेत्र
- उद्योग, व्यापार तथा व्यवसाय

**श्री सभा अध्यक्ष ज्यू**

२०८० मंसीर मसान्त सम्म भएको खर्च विवरण

| क सं | क्षेत्र/उपक्षेत्र | विनियोजित रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १,९७,४०,००० | २९,९७,१११ | १५.१८ |
| | जम्मा | १,९७,४०,००० | २९,९७,१११ | १५.१८ |

**यो अवधिको कार्य विवरण/मुख्य प्रगति**

**कृषि विकास**

- गाउँपालिका क्षेत्र अधिकार भित्र २ वटा कृषक समूह नयाँ दर्ता र ३८ वटा कृषक समूह नविकरण गरिएको ।
- गाउँपालिका क्षेत्र अधिकार भित्र ३ वटा कृषक फर्म नविकरण गरिएको ।
- कृषि तथ्याङ्क संकलन कार्य सम्पन्न गरियो ।
- आ.व. २०८०/०८१ मा कृषि तथा पशुपंन्छी विकास मन्त्रालय कृषि विभाग मार्फत सघीय सर्शत अनुदान प्राप्त **खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान (धान/गहुँ/मकै)** अन्तर्गत गहुँको उन्नत बीउ वितरण (५०% अनुदान) कार्यक्रमको माग बमोजीम ५.५६ टन कृषि सामाग्री कम्पनी लि. भैरहवाबाट खरीद गरी वितरण गरिएको ।

- यस बगनासकाली गाउँपालिकाको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत **मागमा आधारित कृषि कार्यक्रम र कृषि यान्त्रिकरण कार्यक्रम**को मिति २०८०/०८/१५ गते १५ दिने सुचना प्रकाशन गरी माग संकलन गरिएको ।

वडागत :

- १ नं. वडा कार्यलयको आ.व. २०८०/०८१ को बार्षिक स्विकृत **मिनिकिट खरिद तथा वितरण कार्यक्रम** अन्तर्गत वडा नं. १ मा ३८ के.जि. प्याज २७ वटा कृषक समूहलाई र २० ग्राम टि.पि.एस. आलु २ वटा कृषक समूहलाई वितरण गरिएको ।
- १ नं. वडा कार्यलयको आ.व. २०८०/०८१ को बार्षिक स्विकृत **कृषि यान्त्रिकरण (५० प्रतिशत अनुदान)** कार्यक्रमको मिति २०८०/०९/०२ गते ७ दिने सुचना प्रकाशन गरी माग संकलन गरिएको ।
- २ नं. वडा कार्यलयको आ.व. २०८०/०८१ को बार्षिक स्विकृत **मागमा आधारित कृषि कार्यक्रम (५० प्रतिशत अनुदान)** अन्तर्गत वडा कार्यालयबाट सिफारिस भई आएको बीउ आलु खरिद गरी १२ टन वितरण गरीएको ।
- ३ नं. वडा कार्यलयको आ.व. २०८०/०८१ को बार्षिक स्विकृत **एक घर एक करेसावारी (मिनिकिट वितरण)** अन्तर्गत साग, मुला, धनिया, केराउको मिनिकिट वितरण गरिएको ।
- ५ नं. वडा कार्यालय दर्लमडाँडाको आ.व. २०८०/०८१ को बार्षिक स्विकृत **कृषि यान्त्रिकरणमा अनुदान सहयोग कार्यक्रम**को ५० प्रतिशत अनुदानमा कृषि यान्त्रिकरण मिनिटिलर, क्याजुल र मेज प्लान्टर वितरण गर्ने कार्यक्रमको मिति २०८०/०८/१८ गते ७ दिने सुचना प्रकाशन गरी माग संकलन गरिएको ।
- ८ नं. वडा कार्यलय बराङ्दीको आ.व. २०८०/०८१ को बार्षिक स्विकृत **मागमा आधारित कृषि विकास कार्यक्रम** अन्तर्गत च्याऊको विऊ वितरण ५० प्रतिशत अनुदान कार्यक्रमको मिति २०८०/०८/१० गते ३ दिने सुचना प्रकाशन गरी माग संकलन गरि माग बमोजिम २०८ प्याकेट कन्ये च्याउको बीउ बितरण गरिएको ।
- ९ नं. वडा कार्यालयको आ.व. २०८०/०८१ को बार्षिक स्विकृत **मागमा आधारित कृषि कार्यक्रम (५० प्रतिशत अनुदान)** अन्तर्गत वडा कार्यालयबाट

सिफारिस भई आएका ७ वटा कृषक समुहहरु लाई सम्झौताको लागी मिति २०८०/०८/२१ गते ७ दिने सुचना प्रकाशन गरी सम्झौता गर्ने कार्य गरिएको ।

- ९ नं. वडा कार्यलयको आ.व. २०८०/०८१ को बार्षिक स्विकृत **समूह परिचालन, तालिम तथा बिउविजन वितरण (साविकका ९ वडा)** कार्यक्रम अन्तर्गत ब्रोकाउली, बन्दा, सिमि, प्याज, धनिया, केराउ, मुला र सागको मिनिकिट वितरण गरिएको ।

**पशु विकास सेवा**

- पशुपंक्षी तथ्याङ्क संकलन कार्य सम्पन्न गरियो ।
- लम्पी स्किन डिजिज र रेविज भ्यक्सिनेशन ३८१ गाई भैसीमा कुकुरमा लगाउने कार्य सम्पन्न गरियो ।
- १९,६२७ गोटा पशुपंक्षीमा निशुल्क पशुपंक्षी स्वास्थ्य सेवा प्रदान गरियो ।
- ७३ गाई भैसिमा कृत्रिम गर्भाधान सेवा प्रदान गरियो ।

**सहकारी तथा गरिवी निवारण एवम् वित्तीय क्षेत्र**

- ✓ सहकारी सञ्जालको बैठक १ पटक सम्पन्न ।
- ✓ सहकारीका ३ सँस्था अनुगमन सम्पन्न भएको,
- ✓ सहकारीहरुलाई नियम संगत संचालन गर्न परिपत्र गरीएको ।
- ✓ सहकारीहरुलाई कम्प्युटर तथा प्रिन्टर अनुदानका लागि सूचना प्रकाशन गरीएको ।

**उद्योग, व्यापार तथा व्यवसाय**

- उद्यम विकास समिति र अनुगमन उपसमिति गठन गरिएको ।
- आ.व.२०८०/०८१ मा मेडपा कार्यक्रम सन्चालनको लागि कार्यक्रमको वार्षिक कार्ययोजना तयार गरिएको ।
- मेडपा कार्यक्रम सन्चालनको लागि उद्यम विकास समिति मार्फत वडा छनौट गरिएको (वडा नं.१ चिर्तुङ्गधारा र वडा नं.२ पोखराथोक) ।
- बगनासकाली गा.पा. अन्तर्गतका वडाहरु वडा नं. १ चिर्तुङगधारा र वडा नं. २ पोखराथोकमा सामाजिक परिचालन अन्तर्गत मेड्पा सम्बन्धी अभिमुखीकरण कार्यक्रम सन्चालन गरिएको ।

- सहभागितात्मक ग्रामीण लेखाजोखा कार्यक्रम PRA कार्यक्रम सन्चालन गरिएको ।
- श्रोत साधन तथा कच्चा पदार्थ पहिचानका लागि बस्तीको सामाजिक तथा स्रोत नक्साङकन गरिएको ।
- प्रतिव्यक्ति आय पत्ता लगाउनका लागि घरधुरी सर्वेक्षण फाराम A र सम्भावित उद्यमी फाराम B भरेको ।
- उद्यमशीलता विकास तालिम SIYB व्यवसाय सचेतता तथा सुरु तालिम सन्चालन गरिएको ।
- सम्भावित उद्यमीहरुको समूह गठन गरिएको ।
- राष्ट्रिय युवा परिषद र बगनासकाली गाउँपालिकाको लागत साझेदारीमा सहुलियत पूर्ण कर्जा सहजीकरणका लागि उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम सन्चालन गरिएको ।

श्री सभा अध्यक्ष ज्यू

कार्यान्वयनमा रहेका समस्याहरु

- ✓ बगनासकाली गाउँपालिकाको कृषि तथा पशु विकास कार्यक्रमको सूचक सहितको अनुगमन मुल्याङ्कन न्युन भएको।
- ✓ गाउँपालिकाले कृषि तथा पशु सेवाको विकासका लागि आवश्यकता अनुसार बजेटको विनियोजन गर्न नसकीएको
- ✓ कतिपय अनुदान रकममा भएको दोहोरोपना हटाउन नसकीएको ।
- ✓ गाउँपालिकाको ऐतिहासिक, धार्मिक, सामाजिक, साँस्कृतिक क्षेत्रहरु समेटेर पर्यटन प्रवर्धन गुरुयोजना निर्माणका लागि गाउँकार्यपालिकामा सिफारिस भएपनि काम हुन नसकेको ।
- ✓ बगनासकाली गाउँपालिकाको कृषि तथा पशु विकास कार्यक्रमका लागि प्राथमिकतामा राखी सोचे अनुरुप बजेट विनियोजन गर्न नसकिएको ।

श्री सभा अध्यक्ष ज्यू

आगामी कार्यक्रमका लागि सल्लाह/सुझाव

- ✓ बगनासकाली गाउँपालिकाको कृषि तथा पशु विकास कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन प्रणालीलाई कडाईका साथ गर्न अनुरोध गर्ने ।
- ✓ कृषि तथा पशु क्षेत्रको अनुदानमा हुन सक्ने दोहोरोपना हटाउनुपर्ने
- ✓ कृषकको उत्पादनमा आधारित अनुदान प्रणालीको विकास गर्नुपर्ने
- ✓ गाउँपालिकाको तुलनात्मक लाभका क्षेत्रहरु पहिचान गरी आर्थिक विकासलाई तिब्रता दिनुपर्ने ।
- ✓ स्थानीय स्रोत साधन र कच्चा पदार्थमा आधारित तालिमको छनौट गर्नुपर्ने
- ✓ मेड्पा सम्बन्धी अभिमुखीकरण कार्यक्रमको बारेमा स्थानीयलाई जानकारी नहुँदा उपस्थिति कम भएकोले जानकारी गराउनुपर्ने ।
- ✓ मेडपा कार्यक्रम संचालनको लागि आवश्यक बजेट विनियोजन गरी कार्यक्रमलाई निरन्तरता दिनुपर्ने
- ✓ स्थानीय स्रोत साधन र कच्चा पदार्थमा आधारित तालिमको छनौट गर्नुपर्ने
- ✓ उत्पादन गरेका वस्तुले उचित बजार र बजार मूल्य नपाएको गुनासो आएको सन्दर्भमा आवश्यक पहल गर्नुपर्ने

समितिको पदाधिकारीहरु

| | |
|---|---|
| १. श्री खुमादेवी भट्टराई | -संयोजक |
| २. श्री युवराज श्रेष्ठ | -सदस्य |
| ३. श्री पविसरा दर्लामी | -सदस्य |
| ४. श्री हरी प्रसाद न्यौपाने | -सदस्य |
| ५. श्री खुम बहादुर रेश्मी | -सदस्य |
| ६. कोशल राज पौडेल | -सदस्य सचिव |

# सामाजिक विकास समिति प्रतिवेदन

सभाका अध्यक्षज्यू,

अध्यक्षज्यूको अनुमतिले सामाजिक विकास समिति बगनासकाली गाउँपालिकाको कार्यक्षेत्र तथा कार्यप्रगति विवरण प्रस्तुत गर्दछु ।

## ❖ समितिको कार्य क्षेत्रः

- आधारभूत तथा माध्यमिक शिक्ष सम्बन्धी,
- खेलकुद तथा अतिरिक क्रियाकलाप सम्बन्धी,
- खानेपानी व्यवस्थापन, आधारभूत स्वास्थ्य तथा सरसफाई सम्बन्धी,
- लैंगिक समानता तथा समाजिक सुरक्षा सम्बन्धी (लैगिक समानता, बालबालिका, किशोर किशोरी तथा युवा, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिक),
- गैरसरकारी संस्था परिचालन, समन्वय तथा नियमन सम्बन्धी,
- सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटनादर्ता सम्बन्धी,
- भाषा, साहित्य, कला, संस्कृति तथा सम्पदा सम्बन्धी,

## ❖ गत आ.व. २०७९/०८० मा भए गरेका कार्यहरुको संक्षिप्त विवरण

- मुख्यमन्त्री शैक्षिक सुधार कार्यकमका ३३ वटा योजनाहरु सम्पन्न ।
- प्रधानमन्त्री शैक्षिक सुधार कार्यकम अन्तर्गत २ वटा बिद्यालयमा ICT ल्याव निर्माण ।
- शैक्षिक गुणस्तर सुदृढीकरण कार्यकम अन्तर्गत २ वटा बिज्ञान प्रयोगशाला र १ वटा पुस्तकालय निर्माण कार्य सम्पन्न ।
- स्थानीय पाठ्यपुस्तक लेखन कार्य सम्पन्न । (कक्षा १, २ र ३ )
- आवासिय रुपमा स्काउट बिटिसि/पिटिसी तालिम सम्पन्न ।
- आवधिक तथा वार्षिक परीक्षाहरु सम्पन्न ।
- बिद्यालय लेखा परिक्षण कार्य सम्पन्न र देखिएका कैफियतहरुको निरुपण ।
- बिद्यालयहरुसँग नियमित शैक्षिक अन्तरकिया छलफल तथा अनुगमन ।
- जन्मको ३५ दिन भित्र जन्मदर्ता ६७.३७ प्रतिशत सम्पन्न । समयमै जन्मदर्ता गर्ने दर बढेको ।
- आ.व. २०७९/०८० मा सबै वडामा अनलाइन प्रणालीबाट घटना दर्ता १२६९ पञ्जिकरणका घटना दर्ता भएको ।
- बैङ्क मार्फत सबै वडामा चौमासिक सामाजिक सुरक्षा भत्ता वितरण ।
- व्यक्तिगत घटना दर्ता सप्ताहा सम्पन्न , बिषयगत समितिको ४ बैठक नियमित गरिएको ।
- सामाजिक सुरक्षा भत्ता तर्फ गतवर्ष कार्यकममा शुन्य बेरुजु कायम भएको ।
- गाउँपालिकाको १५ शैया अस्पतालको भवनको शिल्यान्यस भई निमार्ण कार्य सुचारु भएको
- चिर्तुङ्गधारा स्वास्थ्य चौकी,खानीछाप स्वास्थ्य चौकी र यम्घा ठुलो पोखराको भवन निमार्ण कार्य सम्पन्न भई सञ्चालनको तयारीमा रहेको ।

- स्वास्थ्य शाखा तर्फ नेपाल सरकारबाट हस्तानरित शर्सत कार्यक्रम तथा गाउँपालिकाबाट बिनियोजित रकमको करिब ९१ प्रतिशत कार्य सम्पन्न भएको ।
- बगनासकाली गाउँपालिकाको घोरबन्दामा २०७९ को मंसिरमा फैलिएको झाडापखाला नियन्त्रण गरी नागरिरकहरुको ज्यान बचाएको ।
- संघीय सरकार तथा प्रदेश सरकार सँगको समन्वय,सहकार्य र सहअस्थित्वलाई आत्म साथ गरी कोभिड नियन्त्रणका लागि खोप अभियान तथा तोकिए बमोजिमका सवै कार्यक्रमहरु समयमा नै सम्पन्न गरिको थियो ।
- बगनासकाली गाउँपालिकाको जनस्वास्थ्य ऐन २०७९ तयार भएको ।
- बगनासकालीका ६३ जना दीर्घरोगीहरुलाई निःशुल्क उपचार सिफारिस तथा मासिक रु ५००० (पाँच हजार) का दरले उपचार खर्च बितरण गरिएको ।
- अभिभावक विहिन वालवालिकालाई भत्ता वितरण ।
- बिभिन्न दिवसीय कार्यकम सम्पन्न ।
- १० वटा मा.वि.मा सडक नाटक सम्पन्न ।
- बालवालिका केन्द्रित अतिरिक्त कृयाकलाप सम्पन्न ।
- ५ नं वडा वालसञ्जालको भ्रमण तथा अन्तरकिया कार्यकम भिरकोट न.पा.स्याङ्जामा गरिएको ।

**आ.व. २०८०/०८१ को यो अवधिको कार्य विवरण/मुख्य प्रगति**

**महिला तथा वालवालिका शाखा**

- ज्येष्ठ नागरिक परिचयपत्र **वितरण कार्य अद्याविधक नियमित भैरहेको ।**
- **लैंङिगक हिंसा विरुद्धको १६** दिने अभियान सु-सम्पन्न गरिएको ।
- स्थानीय अपाङ्गता समन्वय समितिको १ वटा बैठक बसि परिचयपत्र वितरण कार्यमा छलफल ।
- महिला समन्वय समितिको २ वटा बैठक सम्पन्न साथै कार्यकम बारे छलफल ।

**पञ्जिकीकरण सेवा इकाई**

- प्रथम त्रैमासिक सामाजिक सुरक्षा भत्ता ३१२३ लाभग्राहीलाइ जम्मा ३,०९,५६,२०३ (तीन करोड नौ लाख छपन्न हजार दुइ सय तीन) वितरण ।
- दोश्रो त्रैमासिक सामाजिक सुरक्षा भत्ता ३१५५ लाभग्राहीलाइ जम्मा ३,१२,६८,०९२ (तीन करोड बाह्र् लाख अठसठ्ठी हजार बयानव्वे) तैयारी अवस्था ।
- दोश्रो त्रमासिकमा सामाजिक सुरक्षा भत्ता EFT मार्फत वितरण सवै वार्डमा VPN प्रणाली लागु गरिएको
- व्यक्तिगत घटना दर्ता पञ्जिकरण ५४२ सबै वडामा श्रावण देखि पुससम्म दर्ता भएको ।
- गुनासो अभिलेखीकरण तथा फर्छौट ७ ( सा.सु. पञ्जिकरण सम्बन्धि )
- बैदेशिक रोजगारीका लागि कागजात प्रमाणिकरण ५० जनाको ।
- “ग” र “घ” वर्गाको वडा नं ५,६,७, र ९ बाट प्रमाणित विवरण प्राप्त हुन बाँकी ।
- बगनासकाली आवाज अंक १६ को लागि सामाग्री संकलन (प्रारम्भिक मस्यौदाको लागि)

- प्रथम त्रैमासिकमा बैङ्क मार्फत वडा तहमा सा.सु. वितरण नियमित कार्यदल बैठक २
- सा.सु. पञ्जिकीकरण कार्यमा बिभाग , बैङ्क , वडा , को.ले.नि.का. सँग नियमित समन्वय र सहकार्य ।

**बालमैत्री कार्यक्रम**

- बाल सञ्जालको नियमित बैठक १ पटक सञ्चालन भएको ।
- बालमैत्री स्थानीय शासन गाउँ समितिको १ पटक बैठक सम्पन्न ।
- बालमैत्री प्रचारप्रसार मिडिया परिचालन कार्यक्रम कार्यान्वयनमा रहेको ।
- सुनवल न.पा. र बगनासकाली गा.पा. बिच वालमैत्रीको बिषयमा अन्तरक्रिया सम्पन्न ।
- राष्ट्रिय बाल दिवस भव्यताका साथ सम्पन्न गरिएको ।

**शिक्षा शाखा**

- खरिद योजना तथा वार्षिक कार्य योजना निर्माण ।
- प्रथम र द्धितीय त्रैमासिक शिक्षक कर्मचारीहरुको तलव भत्ता निकासा । (शशर्स तर्फ रु ७,८८,६५,२७९ सात करोड अठासी लाख पैसठ्ठी हजार दुइ सय उनासी र गा.पा.तर्फको रु २९,७८,५०० उन्तीस लाख अठ्हत्त्र हजार पाँच सय)
- प्रथम त्रैमासिक परिक्षा तथा अर्धवार्षिक परीक्षा सम्पन्न ।
- प्रथम चौमासिक दिवाखाजाको रकम निकासा (१०,४१,०७५ दश लाख एकचालीस् हजार पचहत्तर)
- पाठ्यक्रम प्रवोधिकरण तालिम सम्पन्न ।
- कोभिड् तथा अन्य विपद्को अवस्थामा द्रुत सिकाइ योजना (ReAL PLAN ) अभिमुखिकरण तालिम तथा प्रत्येक बिद्यालयहरुमा परीक्षा लिने कार्य सम्पन्न भएको छ
- गाउपालिका स्तरीय स्काउटको कार्यक्रमको बारेमा छलफल तथा कार्यको तयारी ।
- इमिस तालिम सम्पन्न गरि बिद्यालयहरुलाई अध्यावधिक गराउने कार्य सम्पन्न ।

**रोजगार शाखा**

- वार्षिक समिक्षा ०७९/०८० को तयारी तथा प्रस्तुती ।
- वार्षिक प्रगति प्रतिवेदन ।
- आ.व ७९/०८० को वार्षिक प्रगती प्रतिवेदन मन्त्रालयमा पेश गरिएको ।
- कार्ययोजना तयारी तथा प्रस्तुती ।
- स्थानीय निर्देशक समितिको बैठक सम्पन्न गरि नौ वटै वडाहरुमा योजनाहरुको माग ।
- श्रम स्वीकृती २१ जना लाई प्रदान गरिएको ।
- गाउँपालिका भित्र रहेका विभिन्न प्रतिष्ठानहरुको विवरण श्रम कार्यलय बुटवल पठाईएको ।
- नौ वटै वडाका बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरु ३६१ जनाको विवरण बैदेशिक रोजगार बोर्डको सचिवालय काठमाण्डौमा पठाईएको
- नौ वटै वडाको १७ वटा योजनाहरु सम्झौता गरिएको ।
- नौ वटै वडाको ६८ जनालाई रोजगारी प्रदान गरिएको ।

स्वास्थ्य शाखा

- स्वास्थ्य शाखा र स्वास्थ्य  संस्थाको जिन्सी निरिक्षण कार्य सम्पन्न गरिएको ।
- पालिका स्तरमा शाखाको समिक्षा सम्पन्न गरिएको ।
- स्वास्थ्य संस्थाहरुको  बार्षिक समिक्षा सम्पन्न गरिएको  ।
- स्वास्थ्य कार्यालय पाल्पाको आयोजनामा जिल्ला स्तरिय समिक्षा सम्पन्न गरिएको ।
- कोभिड१९ बिरुद्धको बुस्टर खोप सञ्चालन गरी १,५४१जनालाई सेवा दिइएको ।
- स्वास्थ्य कार्यक्रमको मासिक समिक्षा नियमित गरिएको ।
- सवै स्वास्थ्य संस्थाहरुमा स्वास्य्य सुचना प्रणालीको सेवा रजिस्टरहरु बितरण गरिएको ।
- अत्यावश्यक स्वास्थ्य उपकरण तथा सामानहरु स्वास्थ्य संस्थाहरुमा बितरण कार्य सम्पन्न गरिएको ।
- स्वास्थ्य शाखाको खर्च  अन्तिम लेखा परिक्षणमा सहजिकरण गरिएको ।
- स्वास्थ्य शाखाको बार्षिक खरिद योजना तयार गर्न सहजिकरण गरिएको ।
- स्वास्थ्य शाखाको कार्यक्रमको बार्षिक कार्ययोजना तथा कार्यबिधि तयार गरिएको ।
- मासिक रुपमा जिन्सी अनलाइनमा प्रबिष्ठ कार्य निरन्तर भएको ।
- कोभिड १९ बिरुद्धको खोपको QR Code  कोड प्रमाणित गरी सेवाग्राहीलाइ निःशुल्क उपलव्ध गराइएको ।
- मेडिसिन तथा सामानहरुको दररेट तयार गरि इ-टेन्डर मार्फत खरिद प्रकृया अगाडि बढाइएको ।
- राष्टिय महिला स्वास्थ्य स्वयसेबिका दिवस लगायत बिभिन्न दिवसहरु सम्पन्न गरिएको
- बगनासकाली गा पा भरी गर्भवतीहरुलाइ क्याल्सियम निःशुल्क बितरण गरिएको ।
- सरुवा रोग डेंगु तथा आखा पाक्ने रोगको रोकथामका लागी सचेतिकरणका लागी बिध्यालय स्वास्थ्थय शिक्षा दिइएको ।
- राष्टिय भिटामिन ए कार्यकम सम्पन्न गरिएको ।

**खानेपानी तथा सरसफाइ**

- आ.व २०८०/०८१ मा खानेपानी आयोजनाहरु जम्मा २० वटा छन् । खानेपानी आयोजनाको लागत अनुमान एवं सम्झौता गरी काम सुचारु भैरहेको ।
- बिभिन्न खानेपानीका मुहान दर्ता गरी २० वटा समितिलाइृ प्रमाण पत्र प्रदान गरिएको ।
- खानेपानी मुहान दर्ता नविकरण ५ वटाले गरेका छन् ।
- ६ वटा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिलाइ ३५ दिने सूचना प्रकासित भएको छ ।
- श्रावण महिना देखि पुस महिनासम्म जम्मा १३,७२० मिटर पोलिथिन पाएप उपभोक्तालाइ बाँडिएको ।

❖ आगामी कार्य दिशा

- सामाजिक समिति अन्तर्गतका सबै विषयगत शाखाहरुले आ.व.२०८०/०८१ मा तोकिएका कार्यहरु समयमै सम्पन्न गर्न प्रतिवद्ध रहेको ।
- बगनासकाली गाउँपालिकाको शिक्षा योजना निर्माण गर्ने कार्यको लागि आवश्यक बजेटको व्यवस्था गर्नु पर्ने ।
- बगनासकाली गाउँपालिकाको विभिन्न समुदाय (कुमाल, माझी दलित बाहुल्यता भएको स्थान) मा वालवालिका नियमित रुपमा विद्यालय नजाने देखिएकोले गाउपालिकाद्धारा हेरालु शिक्षक व्यवस्था गर्न सम्बन्धित क्षेत्रका वासिन्दाको माग रहेकोले सोही अनुसार गर्न गाउँपालिकामा अनुरोध गरिन्छ ।
- स्वास्थ्य तथा सरसफाई ऐन निर्माण र प्रकाशन गर्नुपर्ने ।
- वालवालिकाहरुको माग बमोजिम बाल रेडियो कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा विद्यालय र वालवालिकाहरु बिच अतिरिक्त कृयाकलापको लागि बजेट तथा कार्यक्रमको व्यवस्था गर्नुपर्ने ।
- गाउँपालिका क्षेत्र भित्र सबैको पहुँच पुग्ने स्थान पहिचान गरि विभिन्न ठाउँमा एकिकृत स्वास्थ्य शिविर सञ्चालन गर्न बजेट लगायत कार्यक्रमको व्यवस्था गर्नु पर्ने ।
- गाउँपालिका अन्तर्गतका प्रधानाध्यापकहरुबाट अनुरोध भै आएको कार्यक्रम, बिद्यालय पठनपाठनमा असर नपर्ने गरि उत्कृष्ट स्थान/बिद्यालयको शैक्षिक भ्रमणको व्यावस्था गर्नु पर्ने ।
- राष्ट्रपती रनिङ् शिल्ड कप सञ्चालनको लागि संघिय शशर्त बजेट अत्यन्तै कमि भएकोले थप बजेटको व्यवस्थापनको साथै कार्यक्रम सञ्चालनको लागि प्र.अ, शिक्षक सहितको खेलकुद बिज्ञ समुह गठन गरि कार्यक्रम सञ्चालन गर्नु पर्ने ।
- सामाजिक सुरक्षा भत्ता बैङ्कसँगको समन्वयमा EFT मार्फत गरिने छ ।
- व्यक्तिगत घटना दर्ता सप्ताहा सञ्चालन, शिविर सञ्चालनको लागि बजेट व्यवस्था गर्नु पर्ने ।
- समाजिक सुरक्षा र घटना दर्ता प्रणालि व्यवस्थापन क्षमता बिकासको लागि बजेट व्यवस्था गर्नु पर्ने ।
- नसर्ने रोग नियन्त्रण तथा एकिकृत बिशेषज्ञ स्वास्थ्य शिविर सवै वडामा सञ्चालन गर्ने
- क्षयरोग,दादुरा रोग लगायतका सरुवा रोगीहरुको खोज पडताल गर्ने तथा नियन्त्रणका अभियानहरु सञ्चालन गरिने ।
- स्वास्थ्य सेवाको स्थानीय नियमावली कार्यविधि तथा निर्देशिका तयार गर्नुपर्ने ।

श्री गीता रेग्मी

-संयोजक

# पूर्वाधार विकास समिति प्रतिवेदन

गाउँसभाका अध्यक्ष महोदय तथा सम्पूर्ण सभा सदस्यज्यूहरु,

यस बगनासकाली गाउँसभाको गरिमामय बैठकमा पूर्वाधार विकास समिति संयोजकको.तर्फबाट चालु आ.व.२०८०।८१ को यस पन्धौं सभाको मिति २०८०/०९/२३ गतेको बैठकमा अध्यक्षज्यूको अनुमतिले पौष मसान्त सम्मको अर्धबार्षीक कार्यप्रगति विवरण प्रस्तुत गर्दछु ।

❖ **समितिको कार्य क्षेत्र:**

- सडक तथा यातायात पूर्वाधार सम्बन्धी,
- जलविद्युत, उर्जा, सडकबत्ती सम्बन्धी,
- सूचना तथा सञ्चार प्रविधि विकास तथा विस्तार सम्बन्धी,
- एफ.एम. सञ्चालन सम्बन्धी,
- भवन तथा भवन संहिता एवम् निर्माण ईजाजत सम्बन्धी,
- जग्गा नापनक्सा, घर, जग्गाधनिपूर्जा सम्बन्धी,
- भू-उपयोग तथा वस्ती विकास सम्बन्धी,
- सार्वजनिक निजी साझेदारी सम्बन्धी ।

❖ **गत बर्षको समिक्षा**

- गत आ.व. मा ९६ प्रतिशत भौतिक प्रगति भएको छ ।
- योजना सम्झौता कुल संख्या-३९४
- योजना सम्पन्न कुल संख्या-३९०

❖ **चालु बर्षको समिक्षा**

- चालु आ.व. को चौंधौ गाउँसभापछि २ वटा बैठकहरु सम्पन्न भएको छ ।
- सिभिल प्रयोगशाला सञ्चालनमा रहेको
- सम्झौता भएका कुल योजना संख्या-२५५
- सम्पन्न भएका कुल योजना संख्या-१५

❖ **ठेक्का तर्फ सम्झौता भई निर्माण कार्य सञ्चालमा रहेका योजनाहरु**

- पोखराथोक स्वास्थ्यचौकी निर्माण योजना
- सिद्धार्थ राजमार्ग ३ नं वडा कार्यालय हुँदै मोटरबाटो स्तरोन्नती तथा पिच
- सिद्धार्थ राजमार्ग खोरबारी शिखर, भलुवाचौर हुँदै माडीचक्रपथ कृषि सडक
- चिलाङ्गदी मालारानी खण्ड मोटरबाटो पिच
- चिलाङ्गदी नायर खानीछाप सडक
- दरुङ्गा मिलचोक, दर्लममहाकाली, सुपारे ढाब मोटरबाटो स्तरोन्नती तथा पिच
- झिरभञ्ज्याङ्ग देउराली खानीगाउँ वडा कार्यालय मिलनचोक मोटरबाटो पिच

❖ **बहुबर्षे तर्फको निर्माण कार्य सञ्चालमा रहेका योजनाहरु**

- बगनासकाली गाँउपालिकाको प्रशासकीय भवनको ९५ प्रतिशत कार्य सम्पन्न भएको ।
- १५ शैया आधारभूत अस्पतालको ४५ प्रतिशत कार्य सम्पन्न भई निर्माणाधिन अवस्थामा रहेको

❖ घरनक्सा पास तर्फ

- नियमित नक्सा पास दर्ता- २
- घर अभिलेखिकरण दर्ता- ६१
- घरनक्सा/अभिलेख प्रमाणपत्र वितरण- ५४

❖ अन्य प्रमुख कार्यहरु

- भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि लगत संकलन रुजु तथा प्रमाणीकरण गरी लगत प्रविष्ट कार्य भैरहेको ।
- जग्गाको भूउयोग क्षेत्र वर्गीकरण कार्य परामर्शदाता संग सम्झौता भई फाल्गुन मसान्त सम्पन्न कार्य सम्पन्न गर्ने गरि अगाढी बढाईएको ।

❖ **यस अवधिमा पूर्वाधार विकास समितिको निणर्यहरु**

- योजना अनुगमनको क्रममा समिति सदस्य मध्य कम्तिमा १ जना संयोजक वा सदस्यलाई योजना अनुगन लग्ने गरि कार्यपालिकामा सिफारिस गरियो ।
- योजना फरफारक गर्दा वडा प्राविधिकहरुलाई कसैको प्रभाब र दबाबमा नपरी गुणस्तरीय तथा लागत अनुमान बमोजिम मुल्याकंन गर्न निर्देशन दिइयो ।

❖ **आगामी कार्ययोजना**

➢ भवन तथा भवन संहिता बमोजिम सम्पूर्ण पूराना घरहरुलाई अभिलेखिकरण तथा नयाँ घरहरुलाई नियमित नक्सा पासमा समावेश गर्ने ।

➢ बगनासकाली गा.पा. भित्रका सम्पूर्ण सडकको मापदण्ड तयार गरी मापदण्ड कार्यन्वयन तथा मापदण्ड अनुसार भवन निर्माण गर्न सबै सरोकारवालाहरुलाई अनुरोध गर्ने ।

➢ पूर्वाधार निर्माणमा थप नीतिनियम निर्माण र निरिक्षण/अनुगमनलाई तिव्रता दिने ।

➢ उपभोक्ता समितिबाट श्रमदान अनिवार्य रुपमा सहभागिता हुनु पर्ने ।

➢ योजना अनुगमनलाई तिव्रता दिने ।

➢ तोकिएको म्याद भित्रै योजना सम्पन्न गर्न निर्देशन गर्ने ।

➢ वडास्तरमा सञ्चालन भएका योजनाहरुको समय समयामा प्राविधिक निरिक्षण गर्ने निर्देशन गर्ने ।

❖ **समितिका पदाधिकारीहरु**

१. श्री तेज प्रसाद रसाली -संयोजक
२. श्री जंग बहादुर उचै -सदस्य
३. श्री मिठु वि.क. -सदस्य
४. श्री प्रेम बहादुर कुमाल -सदस्य
५. श्री शान्ता दर्नाल -सदस्य
६. श्री प्रमोद कुवँर -सदस्य सचिव

# वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको प्रतिवेदन

सभा अध्यक्षज्यू,

अध्यक्षज्यूको अनुमतिमा बगनासकाली गाउँपालिकाको वन, वातावरण तथा विपद् व्यवस्थापन समिति अन्तर्गत आ.व.०७९/०८० को हालसम्मको प्रगति प्रतिवेदन र आगामी आ.व.०८०/०८१ को लागि प्रस्तावित योजना/कार्यक्रमहरु यस सम्मानित सभा समक्ष पेश गर्दछु ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ परिच्छेद-३ दफा ११ उपदफा (२) (न,प) भएको व्यवस्था तथा गाउँपालिका कार्यसम्पादन नियमावली, २०७४ को दफा १५ बमोजिम गठित यस वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको आफ्नो कार्यक्षेत्रमा यस अवधिमा गरिएका काम र यस समितिबाट सम्पादन गरिने कार्यलाई थप व्यवस्थित बनाउन राय सुझाव सहित यो प्रतिवेदन पेश गरिएको व्यहोरा अनुरोध छ ।

१. **समितिको नाम** :- वातावरण तथा विपद् व्यवस्थापन समिति,

२. **समितिको कार्य क्षेत्र** :-

- वन, हरियाली र जैविक विविधता,
- भू-संरक्षण र जलाधार व्यवस्थापन,
- वातावरण तथा फोहोर मैला व्यवस्थापन,
- विपद् व्यवस्थापन तथा जलवायु उत्थानशिलता,

३. **बातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा भएको कार्य प्रगति**

- मनसुनजन्य विपद् (वाढी पहिरो) का कारण घर/गोठ, चौपाया, बस्ति संरक्षण तथा जोखिम न्यूनीकरण गर्नका लागि विपद् प्रभावित ३० घर परिवारलाई रु. २,२२,०००।- ( दुई लाख बाईस हजार रुपैया) राहत सहयोग वितरण गरिएको ।
- वर्षातको समयमा वाढी पहिरोका कारण घर/गोठ, र बस्ति संरक्षण तथा जोखिम न्यूनीकरण गर्नका लागि विपद् प्रभावित ९० घर परिवारलाई २१६ थान त्रिपाल खरिद गरी वितरण गरिएको ।
- तानसिने खोलामा तटवन्धन/ग्यावियन वाल निर्माण ।
- वडा नं. १, तानसेन चुहार खोलाको बाढी नियन्त्रण योजना कार्यान्वयन भएको ।
- वडा नं.३ नायरनमतलेस स्थित आफर, माइस्थान वराहा मन्दिर क्षेत्र प्रदेश सरकारको आयोजनामा पहिरो नियन्त्रण योजना कार्यान्वयन भएको ।
- वडा नं. ३, नायर टुटुङ्गमा पहिरो नियन्त्रण योजना प्रदेश सरकार मार्फत कार्यान्वयन भएको ।
- वडा नं. ७ खानीगाउँ स्थित विसौना धैरेनी मोटर बाटो र बस्ति संरक्षण तथा पहिरो नियन्त्रणका लागि भू-तथा जलाधार व्यवस्थापन कार्यालय मार्फत टेवा खर्पाल र ग्याभियन जाली लगाउने कार्यको लागि सिफारिस गरिएको ।
- पाँच वटा बैठक सम्पन्न गरिएको ।

- ❖ भुकम्पबाट क्षति भएको घर पुनःनिर्माणका लागि वडा नं. १ को मेनका पाण्डे, वडा नं. ३ को टिका देवी न्यौपाने, वडा नं. ८ को ज्योतिनाथ घिमिरे र वडा नं. ९ को यज्ञ प्रसाद बस्याल ४ जनाको नाम सिफारिस गरि पठाईएको ।
- ❖ डढेलो नियन्त्रण तथा आगजन्य विपद् न्यूनीकरण गर्नका लागि संचार माध्यम दुई वटा एफ.एम. रेडियो बाट १५/१५ दिनको जनचेतना मूलक सूचना प्रसारण गरिएको ।
- ❖ गाई गोरुमा फैलिएको लम्पी स्किन रोग नियन्त्रण तथा रोकथाम गर्नका लागि रु. २,८७,२०४।- को औषधी खरिद गरि ५४९ वटा पशु निःशुल्क उपचार सेवा उपलब्ध गराईएको ।
- ❖ सबै वडा कार्यालमा सूचना पठाई गाउँ/टोलमा टाँस गर्न पत्राचार गरिएको ।
- ❖ विपद् व्यवस्थापन समितिका संयोजकको नेतृत्वमा समितिका सदस्यहरुले ९ वटै वडा कार्यालयमा गई वातावरण तथा विपद् व्यवस्थापनका सम्बन्धमा १० वटा बुँदामा छलफल कार्यक्रम गर्नु भएको ।

४. आगामी आर्थिक वर्ष २०८०/८१ को लागि बातावरण तथा विपद् व्यवस्थापन तर्फ ९० लाख ५० हजार बजेट प्रस्ताव गरी देहाय बमोजिमका योजना/कार्यक्रम प्राथमिकीकरण गरिएको छ ।

- ❖ ९ वटै वडामा कम्तिमा एउटा रि-चार्ज पोखरी निर्माण गर्ने लक्ष्य लिईएको छ ।
- ❖ सामुदायिक वनमा आय आर्जनमा टेवा पुऱ्याउने खालका जडीवुटी/फलफूलजन्य वृक्षा रोपण गर्न प्रस्ताव पेश गरिएको छ ।
- ❖ भिराला जमिन, खुला क्षेत्र र सडक छेउछाउमा बृक्षारोपण कार्यक्रमको प्रस्ताव गरिएको छ ।
- ❖ सार्वजनिक स्थल बजार, गाउँ टोल सफासुग्घर राख्नका लागि डस्टविन उपलब्ध गराउन र बजारबाट निस्किएका फोहर मैला विसर्जन गर्ने डम्पिङ्ग स्थल निर्माण गर्न वजेट विनियोजनको लागि प्रस्ताव गरिएको छ ।
- ❖ विपद् उद्धार तथा जोखिम न्यूनीकरण गर्नका लागि उद्धार सामाग्री खरिद गरि प्रहरी चौकी र वडास्तरीय विपद् व्यवस्थापन समितिमा उपलव्ध गराउन रु. १० लाख बजेट प्रस्ताव गरि पेश गरिएको छ ।
- ❖ गाउँपालिका भित्र रहेका खुला क्षेत्र पहिचान गरि संरक्षण गर्नका लागि योजनामा समावेश गरिएको छ ।
- ❖ गाउँपालिका र वडास्तरीय विपद् व्यवस्थापन समितिका पदाधिकारी र विपद् उद्धारकर्मीहरुलाई सम्वन्धित क्षेत्रका विषयविज्ञबाट तालिम प्रदान गर्न कार्यक्रम प्रस्ताव गरि पेश गरिएको छ ।
- ❖ ९ वटै वडामा रहेका जोखिमयुक्त घर, बस्ति र मोटर बाटो संरक्षण तथा टेवा पर्खाल निर्माण गर्नका लागि १४ वटा योजना प्राथमिकीकरण गरि पेश गरिएको ।
- ❖ खानेपानीका मुल संरक्षण गर्ने कार्यलाई प्राथमिकता निर्धारण गरी योजनामा समावेश गरिएको छ ।

५. बातावरण तथा विपद् व्यवस्थापनका क्षेत्रमा प्रभावकारी काम हुन नसक्नुका कारण :-

- ❖ बातावरण तथा विपद् व्यवस्थापनका योजना/कार्यक्रम छनौट नहुनु ।
- ❖ जोखिमयुक्त क्षेत्र/स्थानको पहिचान नहुनु ।
- ❖ पूर्व तयारी सम्बन्धी योजना कार्यक्रम नबन्नु ।
- ❖ बजेट रकम न्यून हुने ।

६. सुझाव/सल्लाहः-

- ❖ वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको कार्यक्षेत्रमा कार्यहरु गर्नका लागि वार्षिक रुपमा कार्ययोजना बनाई सोको लागि बजेट विनियोजन गरिनु पर्ने ।
- ❖ राहत सहयोग वितरण कार्य समितिको स्थलगत निरीक्षण प्रतिवेदनका आधारमा सहयोग उपलब्ध गराउन उपयुक्त हुने ।
- ❖ सडक तथा अन्य पूर्वाधार सम्बन्धी निर्माणका आयोजना कार्यान्वयन गर्दा वातावरणीय प्रभाव अध्ययन गरेर काम गर्नु पर्ने ।
- ❖ सिद्धार्थ राजमार्गको घोरवन्दा देखि राम्दी क्षेत्रसम्म उपयुक्त स्थानमा सार्वजनिक शौचालय निर्माण गर्नु पर्ने ।
- ❖ प्लाष्टिक झोलालाई बिस्थापन गर्नको कपडा झोला तथा कागजका थुङ्गा बनाउने उद्योग स्थापनाका लागि प्रोत्साहित गर्नु पर्ने ।
- ❖ बगनासकाली गाउँपालिकालाई सफा सुग्घर राख्न बजार क्षेत्र, टोल बस्तिहरुमा डस्टविन राखी फोहोर व्यवस्थापन गर्ने गराउने व्यवस्था मिलाउने ।

७. <u>समितिका पदाधिकारीहरु</u> :

| | | |
|---|---|---|
| ❖ का.पा. सदस्य श्री बोमलाल सुनार | - | संयोजक |
| ❖ वडा सदस्य श्री खड्क बहादुर गाहा | - | सदस्य |
| ❖ वडा सदस्य श्री मिना बस्याल | - | सदस्य |
| ❖ वडा सदस्य श्री बुद्धिवल कवँर थापा | - | सदस्य |
| ❖ वडा सदस्य श्री सुमित्रा वि.क. | - | सदस्य |
| ❖ सहायक पाँचौ श्री कृष्ण ब. थापा | - | सदस्य-सचिव |

# सुशासन, सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समितिको प्रतिवेदन

अध्यक्ष महोदय,

अध्यक्षज्यूको अनुमतिले बगनासकाली गाउँपालिकाको सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समितिको प्रतिवेदन पस्तुत गर्दछु ।

<u>समितिको कार्य क्षेत्रः</u>

(क) सेवाप्रवाहको मापदण्ड, स्थानीय सेवा तथा जनशक्ति विकास सम्बन्धी,

(ख) सार्वजनिक खरीद तथा सम्पत्ति व्यवस्थापन सम्बन्धी,

(ग) सङ्घ,प्रदेश र स्थानीय तह बीचको सम्बन्ध र समन्वय तथा वडासँगको समन्वय सम्बन्धी,

(घ) बैठक व्यवस्थापन सम्बन्धी,

(ङ) बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्यसुरक्षा र उपभोक्ता हित संरक्षण सम्बन्धी,

(च) आन्तरिक र अन्तिम लेखापरीक्षण सम्बन्धी,

(छ) विदा, उत्सव, उर्दी, जात्रा, पर्व, उपाधी, विभुषण सम्बन्धी,

(ज) राजश्व नीति तथा प्रशासन सम्बन्धी,

(झ) वित्तीय जोखिम न्युनिकरण, आर्थिक प्रशासन तथा बेरुजू फछ्र्यौट सम्बन्धी,

(ञ) न्याय, कानून तथा मानवअधिकार प्रवर्द्धन सम्बन्धी,

(ट) योजना, अनुगमन तथा मूल्यांकन र तथ्यांक व्यवस्थापन सम्बन्धी,

(ड) सुशासन प्रवर्द्धन, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण सम्बन्धी,

(ढ)नागरिक सन्तुष्टी सर्वेक्षण र अन्तर निकाय समन्वय सम्बन्धी ।

<u>विगतको कार्य प्रगति :</u>

- बगनासकाली गाउँपालिका अर्न्तगतका रहेका वजारहरुको अनुगमन गरिएको ।
- गाईजात्रा, रोपाईजात्रा तथा विविन्न पर्वहरु सफलता पूर्वक सम्पन्न गरिएको ।
- गाउँपालिकाले अङ्गिकार गरेको राजस्व नीतिलाई पूर्णरुपमा कार्यान्वयन गरी रहेको तथा प्रशासन सम्बन्धि कामकाज नियमित रुपमा सरल, सहज, छिटो र छरितो रुपमा बडापत्र अनुसार उपलब्ध गराईएको ।
- आ.व. ०७९/८० मा ४ ऐन, ११ कार्यविधि र १ नीति पारित गरी कार्यान्वयन गरिएको छ ।
- नव निर्वाचित जनप्रतिनिधिहरुको पद बहाली गरेको र आ.व. शुरुवातको ६० दिन भित्र पेश भएका पदाधिकारी तथा कर्मचारीहरुको सम्पति विवरण सम्बन्धित् निकायमा पेश गरीएको ।
- ७२ जना स्थायी कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन फारम दर्ता गरि सम्बन्धित् समिति तथा कार्यालयबाट पेश ।
- विभिन्न सेवाका करार सेवाका कर्मचारीहरुको करार सम्झौता गरिएको ।
- आ.व. ०७९/८० को गाउँकार्यपालिकाको १८ वटा बैठक, मासिक कर्मचारी बैठक, ०७८/७९ र आ.व. ०७९/८० को चौमासिक प्रगति समिक्षा सम्पन्न ।

- ❖ अन्तरसरकारी अख्तियारी अन्तर्गत को.ले.नि.का.बाट आ.व. २०७८/०७९ का लागि निकासा भएको सामाजिक सुरक्षा भत्ता, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम, एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम र एकीकृत स्वास्थ्य तथा सरसफाई कार्यक्रमको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराइएको ।
- ❖ आर्थिक वर्ष २०७८/०७९ मा गरिएको सम्पूर्ण आर्थिक कारोबारको अन्तिम लेखापरीक्षण सम्पन्न गराइएको ।
- ❖ आ.व. २०७९/०८० का लागि प्रथम, द्धितिय, तृतिय त्रैमासिक सामाजिक सुरक्षा रकम निकासा गरिएको ।
- ❖ आ.व. २०७९/०८० का लागि बाह्रौ तथा तेह्रौ गाउँसभाबाट स्वीकृत बार्षिक कार्यक्रम तथा बजेटलाई स्थानीय संचित कोष व्यवस्थापन प्रणालीमा प्रविष्टि गरी अन्तिम रुप दिई प्रणालीबाट स्वीकृत गरिएको ।
- ❖ महालेखा परिक्षकको कार्यालयबाट भएको आ.व. २०७८/०७९ को अन्तिम लेखापरिक्षणबाट औल्याइएको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको प्रतिक्रिया पेश गरिएको ।
- ❖ गाउँपालिका कार्यालय तथा मातहतका सबै निकायको जिन्सी निरीक्षण गरिएको
- ❖ बार्षिक खरिद योजना निर्माण गरिएको तथा खरिद इकाई समितिको बैठक - ९ पटक बसेको
- ❖ खप्ने जिन्सी सामान - ३९ प्रकारका खरिद गरिएको (खर्च रकम रु. १३३२९६४।)
- ❖ कर्मचारीहरूको लागि कार्यसम्पादन करार संझौता, इ-हाजिरी सञ्चालन, स्वमूल्याङ्कन गर्ने व्यवस्था तथा कर्मचारी आचरण, शिष्टाचार तथा आचार संहिता सार्वजनिक ।
- ❖ चालू आ. व. २०७९/०८० को वार्षिक कार्ययोजना (कार्यतालिका) सहित वार्षिक विकास योजना (बजेट पुस्तिका) सार्वजनिकीकरण तथा वितरण ।
- ❖ प्राविधिक ६ जना र का.स. दुई जना करारसेवा मार्फत पदपूर्ति ।
- ❖ गा पा सरकारका एक सय दिनका तथा एक वर्षे कार्यकालका मूख्य मूख्य कार्यसम्पादन विवरण पत्रकार र कार्यपालिकाको उपस्थितिमा प्रस्तुत तथा प्रथम त्रैमासिक स्वतः प्रकाशन सार्वजनिक ।
- ❖ साहित्यमा बगनासकाली नामक पुस्तक लोकार्पण र वितरण तथा गाउँपालिकाको मुखपत्रको रूपमा रहेको बगनासकाली आवाजको पन्ध्रौ अङ्क तयार र सार्वजनिक ।
- ❖ गाउपालिकास्तरीय स्थानीय दररेट र वार्षिक खरिद योजना निर्माण तथा सार्वजनिक ।
- ❖ यस अवधिमा बढी राजस्व रकम संकलन गर्ने १ नं. वडालाई प्रेरणात्मक सम्मान गरियो।
- ❖ स्वाथ्यकर्मीहरूका लागि सात दिने आधारभूत कम्प्यूटर तालिम सम्पन्न ।
- ❖ जनप्रतिनिधि तथा कर्मचारीहरुलाई १ दिने अभिमुखीकरण तालिम सम्पन्न ।
- ❖ आ.व. ०७९/८० मा २ पटक यस समितिको बैठक सम्पन्न ।
- ❖ विद्यार्थी, खेलाडी, पत्रकार, शिक्षक, स्वास्थ्यकर्मी, वडा कर्मचारी, कृषि कर्मचारी र गाउँपालिकाका कर्मचारी गरि प्रथम पटक १६ र दोश्रो पटक ७ जना गरी २३ जना लाई सम्मान गरियो ।
- ❖ वित्तीय जोखिम न्यूनीकरण तथा लिजमा ५४ प्रतिशत र ७४.७५ प्रतिशत क्रमश प्राप्त गरियो ।

❖ यो अवधिको कार्य विवरण/मुख्य प्रगति

- बगनासकाली गाउँपालिका अर्न्तगत रहेका वजारहरुको पहिलो चरणको वजार अनुगमन कार्य सम्पन्न गरिएको ।
- गाईजात्रा, रोपाईजात्रा तथा विविन्न पर्वहरु सफलता पुर्वक सम्पन्न गरियो।
- गाउँपालिकाले अङ्गिकार गरेको राजस्व नीतिलाई पूर्णरुपमा कार्यान्वयन गरी रहेको तथा प्रशासन सम्बन्धि कामकाज नियमित रुपमा सरल, सहज, छिटो र छरितो रुपमा बडापत्र अनुसार उपलब्ध गराईएको।
- चालू आ.व. मा ३ वटा कार्यविधि र १ वटा विधान पारित गरी कार्यान्वयनमा लागिएको छ ।
- ` आ.व. शुरुवातको ६० दिन भित्र पेश भएका पदाधिकारी तथा कर्मचारीहरुको सम्पति विवरण सम्बन्धित् निकायमा पेश गरीएको ।
- आ.व. शुरु भएको ७ दिन भित्र पेश हुन आएका स्थायी कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन फारम दर्ता गरि सम्बन्धित् समिति तथा कार्यालयबाट सम्पन्न गरिएको ।
- आ.व. शुरु भए पश्चात प्रमुख प्रशासकीय अधिकृतले पालिका अध्यक्षसँग, शाखा प्रमुख कर्मचारीहरुले प्रमुख प्रशासकीय अधिकृतसँग र शाखामा कार्यरत सम्पूर्ण कर्मचारीहरुले शाखा प्रमुखसँग कार्यसम्पादन करार सम्झौता गरि कामकाज गरिएको ।
- विभिन्न सेवाका करार सेवाका कर्मचारीहरुको ६ महिनाको करार सम्झौता गरिएको ।
- आ.व. ०८०/८१ को गाउँकार्यपालिकाको ७ वटा बैठक, मासिक स्टाफ बैठक र गत आ.व. को समिक्षा गरिएको ।
- अन्तरसरकारी अख्तियारी अन्तर्गत को.ले.नि.का.बाट आ.व. २०७९/०८० का लागि निकासा भएको सामाजिक सुरक्षा भत्ता, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम, एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रमको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराइएको ।
- आर्थिक वर्ष २०७९/०८० मा गरिएको सम्पूर्ण आर्थिक कारोबारको अन्तिम लेखापरीक्षण गराइएको ।
- आ.व. २०८०/०८१ का लागि प्रथम त्रैमासिक सामाजिक सुरक्षा रकम निकासा गरिएको ।
- आ.व. २०८०/०८१ का लागि चौधौ गाउँसभाबाट स्वीकृत बार्षिक कार्यक्रम तथा बजेटलाई स्थानीय संचित कोष ब्यवस्थापन प्रणालीमा प्रविष्टि गरी अन्तिम रुप दिई प्रणालीबाट स्वीकृत गरिएको ।
- महालेखा परिक्षकको कार्यालयबाट भएको आ.व. २०७९/०८० को अन्तिम लेखापरिक्षणबाट औल्याइएको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको प्रतिक्रिया पेश गरिएको ।
- गाउँपालिका कार्यालय तथा मातहतका सबै निकायको जिन्सी निरीक्षण
- बार्षिक खरिद योजना निर्माण गरिएको तथा खरिद इकाई समितिको नियमित बैठक बसेको
- खप्ने जिन्सी सामान - २ प्रकारका रहेका, नखप्ने जिन्सी सामान - २११ प्रकारका रहेका
- दाखिला गरिएका सामान - २१३ प्रकारका रहेका
- खर्च भएर जाने सामानको खरिद मूल्य ३० लाख ९५ हजार ५ सय ६० र खर्च भएर नजाने सामानको मूल्य ९ हजार २ सय ७५ मात्र
- चालू आ. व. २०८०/०८१ को वार्षिक कार्ययोजना (कार्यतालिका) सहित वार्षिक विकास योजना (बजेट पुस्तिका) सार्वजनिकीकरण तथा वितरण ।

- कृषि स्नातक (प्राविधिक) एक जना करार सेवा मार्फत पदपूर्ति ।
- साहित्यमा बगनासकाली नामक पुस्तक लोकार्पण र वितरण ।

❖ **कार्ययोजना बमोजिम सम्पन्नको क्रममा रहेका कार्यक्रम :**

- अन्तर निकाय समन्वय तथा जनशक्ति विकासको कार्य
- प्रभावकारी रुपमा अन्तर तह समन्वय गरी समस्या समाधान गर्ने र पालिकाको विकासमा लगानी भित्राउने।
- बगनासकाली गा.पा.ले अबलम्बन गरेको शून्य बेरुजुको नीतिलाई पूर्ण रुपमा कार्यान्वयन गर्ने ।
- स्थानिय तहको खाद्य सुरक्षा तथा उपभोक्ता हक हितको क्षेत्रमा सचेतनामूलक कार्य ।
- सार्वजनिक सम्पतिको संरक्षण र राजस्व वृद्धिमा अनुगमनलाई तिब्रता प्रदान गर्ने ।

**समितिको संयोजक**
श्री बसन्ती थापा